उपराष्ट्रपति

काठमाडौं, नेपाल

तिहार (शुभ दीपावली), २०८३ को शुभकामना सन्देश

आस्था, उज्यालो, आत्मीयता र सांस्कृतिक समृद्धिको महान पर्व तिहार (शुभ दीपावली), २०८३ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, सुस्वास्थ्य, समृद्धि र उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

तिहार, दीप प्रज्वलनको पर्व मात्र होइन, यो हाम्रो सभ्यता, संस्कार, प्रकृतिप्रतिको सम्मान, पारिवारिक आत्मीयता र सामाजिक सहअस्तित्वको जीवन्त उत्सव पनि हो। घर-आँगनमा बालिने दीपहरूले अन्धकार मात्र हटाउँदैनन्, तिनले आशा, विश्वास, सद्भाव र मानवीय करुणाको उज्यालो पनि छर्दछन्। यही उज्यालोले निराशामाथि आशा, विभाजनमाथि एकता र स्वार्थमाथि मानवताको विजयको मार्ग प्रशस्त गर्दछ।

हाम्रो रैथाने सांस्कृतिक परम्परामा तिहारको विशेष महत्व छ। काग तिहारले सूचना र सन्देशको महत्व सम्झाउँछ, कुकुर तिहारले निष्ठा र समर्पणको सम्मान गर्न सिकाउँछ, गाई तिहारले मातृत्व, समृद्धि र जीवनदायी संस्कृतिप्रतिको श्रद्धा अभिव्यक्त गर्दछ भने गोरु पूजाले श्रम, उत्पादन र कृषि सभ्यताको गौरवलाई उजागर गर्दछ। लक्ष्मी पूजाले समृद्धिसँगै सदाचार र सदुपयोगको सन्देश दिन्छ भने देउसी-भैलोले गाउँदेखि शहरसम्म सामूहिक आनन्द, सहकार्य र सामाजिक एकताको भावना बलियो बनाउँछ। भाइटीका (भ्रातृद्वितिया) ले दाजुभाइ तथा दिदीबहिनीबीचको स्नेह, विश्वास र आजीवन आत्मीय सम्बन्धलाई अझ प्रगाढ बनाउने अवसर प्रदान गर्दछ।

तिहारका अवसरमा मधेशमा गोवर्द्धन पूजा, सामुहिक रुपमा खेलिने 'हुक्का-लोली' (हुक्कापाति) र 'हुर्राहुरी' जीवन्त लोकसंस्कृतिका अमूल्य प्रतीक हुन्। गोवर्द्धन पूजाले कृषि, पशुपालन तथा प्रकृतिप्रतिको सम्मान अभिव्यक्त गर्दछ भने हुक्का-लोली र हुर्राहुरीले गाउँघरमा आपसी सद्भाव, भाइचारा, सामुदायिक एकता र उत्सवधर्मितालाई बलियो बनाउँछ। यी परम्पराहरूले मौलिक पहिचान, लोकजीवन र पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको सांस्कृतिक सम्पदालाई जीवन्त राख्दै सामाजिक सहअस्तित्व र सामूहिक आनन्दको सन्देश प्रवाह गर्दछन्।

नेपाल विविध भाषा, संस्कृति, परम्परा, जातजाति र धार्मिक विश्वासहरूले सुशोभित राष्ट्र हो। तिहारले यही विविधतालाई आत्मीय सम्बन्धको सूत्रमा बाँध्दै 'विविधतामा एकता' को हाम्रो राष्ट्रिय भावनालाई थप सशक्त बनाउँछ। हिमाल, पहाड र तराई-मधेशका समुदायहरूलाई साझा उत्साह, समान सम्मान र परस्पर सद्भावका माध्यमबाट जोड्ने सांस्कृतिक सेतुका रूपमा तिहारले राष्ट्रिय एकतालाई थप मजबुत बनाएको छ।

आज विश्व तीव्र परिवर्तनको चरणबाट गुज्रिरहेको छ। प्रविधिको विकाससँगै मानवीय सम्बन्ध, सामाजिक मूल्य र सांस्कृतिक पहिचानलाई जोगाइराख्नु पनि हाम्रो साझा दायित्व बनेको छ। यस्ता पर्वहरूले मौलिक संस्कृति, लोकपरम्परा, पारिवारिक मूल्य र सामुदायिक जीवनशैलीलाई संरक्षण तथा प्रवर्द्धन गर्ने अवसर प्रदान गर्दछन्। त्यसैले तिहारलाई केवल उत्सवका रूपमा नभई हाम्रो राष्ट्रिय सांस्कृतिक सम्पदाको संरक्षण र सम्वर्धनसँग जोडेर हेर्न आवश्यक छ।

यस पावन अवसरले हामी सबैलाई आपसी वैमनस्यता, घृणा, विभेद र असहिष्णुताभन्दा माथि उठेर सहिष्णुता, सामाजिक न्याय, पारस्परिक सम्मान र राष्ट्रिय उत्तरदायित्वको भावना अभिवृद्धि गर्न प्रेरित गरोस्। उज्यालोको यो पर्वले सम्पूर्ण नेपालीहरूलाई राष्ट्र निर्माणको साझा यात्रामा एकताबद्ध बनाउँदै समृद्ध, आत्मनिर्भर र सभ्य नेपालको सपना साकार पार्ने ऊर्जा प्रदान गरोस्।

अन्त्यमा, शुभ दीपावलीको उज्यालोले प्रत्येक नेपालीको घर, परिवार र जीवनलाई सुख, शान्ति, समृद्धि र सफलताले आलोकित बनाओस्। यस पर्वले राष्ट्रिय एकता, सामाजिक सद्भाव, सांस्कृतिक गौरव, लोकतान्त्रिक मूल्य, सार्वभौमसत्ता तथा राष्ट्रिय अखण्डताको भावनालाई अझ सुदृढ बनाउँदै देशलाई समुन्नति र समृद्धिको दिशामा अग्रसर गराओस् भन्ने शुभेच्छासहित पुनः तिहार (शुभ दीपावली) को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

२०८३ कात्तिक २२ गते, आइतबार
नेपाल संवत् ११४६, कौलागा चतुर्दशी

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति